मुमिन (आस्थावान) व्यक्ति आरोप लगाउने, अपमान गर्ने, गालीगलौज गर्ने, अश्लील बोल्ने र असभ्य व्यवहार गर्ने हुँदैन।

अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मुमिन (आस्थावान) व्यक्ति आरोप लगाउने, अपमान गर्ने,
गालीगलौज गर्ने, अश्लील बोल्ने र असभ्य व्यवहार गर्ने हुँदैन।"
[सही] [तिर्मीजीले वर्णन गरेका छन्]

यस हदीसमा मानिसहरूको वंश र पुर्खामा दोष लगाउने, गालीगलौज गर्ने, श्राप दिने तथा आफ्नो बोली र व्यवहारमा निर्लज्जता र अश्लीलता प्रदर्शन गर्ने व्यक्ति पूर्ण मुमिन होइन भनेर नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ।

http://www.sunnah.global/hadeeth/ne/show/65869